


वर्ष ४२ | अंक १२ | नेपाल राष्ट्र बैंक समाचार | भदौ २०७५ | अगष्ट-सेप्टेम्बर २०१८

# नीति निर्देशन पालना र संस्थागत सुशासन कायम गर्न आवश्यक – गभर्नर डा. नेपाल

गभर्नर डा. चिरंजीबि नेपालले बैंक तथा वित्तीय संस्थाहरूले नियामक निकायको नीति निर्देशन पालना र संस्थागत सुशासन कायम गर्न आवश्यक रहेको बताउनु भएको छ ।

सिनर्जी फाइनान्स लिमिटेडलाई प्राप्ति गरेपछिको बेस्ट फाइनान्स लिमिटेडको एकीकृत कारोबारको २०७५ साउन १७ गते काठमाडौंमा आयोजित एक समारोहका बीच शुभारम्भ गर्दै गभर्नर डा. नेपालले नियामक निकायको नीति निर्देशन पालना गर्ने र संस्थागत सुशासन कायम गर्ने बैंक तथा वित्तीय संस्थाहरूमा गम्भीर समस्या आउने नगरेको बताउनु भयो ।




बैंक तथा वित्तीय संस्थाहरूले बढी नाफा कमाउने भन्दा पनि संस्थाको उद्देश्य अनुरूप वित्तीय मध्यस्थताको कार्य स्तरीय र प्रभावकारी रूपमा सम्पादन गर्नेतर्फ ध्यान केन्द्रित गर्नुपर्नेमा जोड दिँदै उहाँले बैंक तथा वित्तीय संस्थाको उच्च व्यवस्थापन सर्वसाधारणको निक्षेपको सुरक्षामा हरपल सजग रहनुपर्ने बताउनु भयो ।

मुलुकको अर्थतन्त्रको आकार बढ्दै गए अनुसार बैंक तथा वित्तीय संस्थाहरूको पुँजी पनि बढ्दै जानुपर्ने विचार व्यक्त गर्दै उहाँले तीन वर्ष अगाडि बैंक तथा वित्तीय संस्थाहरूको चुक्ता पुँजी वृद्धि गर्ने सम्बन्धमा केन्द्रीय बैंकले लिएको निर्णय सही सावित हुँदै आएको बताउनु भयो ।

समारोहमा गभर्नर डा. नेपालले साविक सिनर्जी फाइनान्स लिमिटेड र बेस्ट फाइनान्स लिमिटेडका सञ्चालकहरूलाई सम्मानपत्र वितरण गर्नुभएको थियो ।

समारोहका सभापति तथा बेस्ट फाइनान्स लिमिटेडका अध्यक्ष पदमराज न्यौपानेले संस्थामा समस्या आउनुमा उच्च व्यवस्थापनको आचरणले ठूलो भूमिका खेल्ने चर्चा गर्दै नियामक निकायको नीति निर्देशन पूर्ण पालना गर्ने बैंक तथा वित्तीय संस्थामा खासै समस्या आउने नगरेको आफ्नो अनुभव सुनाउनु भयो ।



समारोहमा नेपाल वित्तीय संस्था संघका अध्यक्ष सरोजकाजी तुलाधरले वित्तीय रूपमा अस्थिर रहेका वित्तीय संस्थाहरूको मर्जरले सकारात्मक सन्देश दिएको धारणा राख्दै गभर्नर डा. नेपालको कार्यकालमा बैंक तथा वित्तीय संस्थाहरूको मर्जरले ठूलो सफलता प्राप्त गरेको बताउनु भयो ।

यसै गरी, समारोहमा बेस्ट फाइनान्स लिमिटेडका सञ्चालक आर.के. शर्माले रेमिट्यान्स उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने वातावरण तयार हुनुपर्ने बताउनु भएको थियो ।

बाँकी ३ पेजमा

## ६३१ स्थानीय तहमा वाणिज्य बैंक शाखा

संघीयता कार्यान्वयनको क्रममा देशमा गठन भएका ७५३ स्थानीय तह मध्ये २०७५ असार मसान्तसम्ममा ६३१ स्थानीय तहमा वाणिज्य बैंकको शाखा स्थापना भएका छन् । प्रदेश नं. १ का १३७ स्थानीय तह मध्ये ११२, प्रदेश नं. २ का १३६ मध्ये १२२, प्रदेश नं. ३ का ११९ मध्ये १०७, गण्डकी प्रदेशका ८५ मध्ये ७४, प्रदेश नं. ५ का १०९ मध्ये ९९, कर्णाली प्रदेशका ७९ मध्ये ५४ र प्रदेश नं. ७ का ८८ मध्ये ६३ स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुगेका हुन । २०७४ असार मसान्तसम्ममा ती प्रदेशका क्रमश: ५८, ४७, ५८, ३४, ५६, १६ र २७ गरी जम्मा २९६ स्थानीय तहमा मात्र वाणिज्य बैंकको शाखा स्थापना भएका थिए ।

यसै गरी २०७५ असार मसान्तमा देशमा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरूको संख्या १५१ पुगेको छ । यस मध्ये वाणिज्य बैंक २८, विकास बैंक ३३, वित्त कम्पनी २५ र लघु वित्त वित्तीय संस्था ६५ रहेका छन् । २०७४ असार मसान्तमा देशमा वाणिज्य बैंक २८, विकास बैंक ४०, वित्त कम्पनी २८ र लघु वित्त वित्तीय संस्था ५३ गरी कुल १४९ वटा बैंक तथा वित्तीय संस्थाहरू रहेका थिए । ती संस्थाहरूको शाखा संख्या २०७४ असार मसान्तमा ५,०६८ रहेकोमा २०७५ असार मसान्तमा बढेर ६,६५१ पुगेको छ ।

## वाणिज्य बैंकहरूले भारतीय मुद्रामा ऋण लिन सक्ने

नेपाली वाणिज्य बैंकहरूले तोकिएका शर्तहरूको अधीनमा भारतस्थित बैंक तथा वित्तीय संस्थाहरूबाट भारतीय मुद्रामा ऋण लिन सक्ने व्यवस्था कायम गरिएको छ ।

नयाँ व्यवस्था अनुसार वाणिज्य बैंकहरूले जलविद्युत् उत्पादन तथा प्रसारण लाइन विस्तार, सडक, सुरुङ मार्ग, विमानस्थल, केबलकार, पुल जस्ता भौतिक पूर्वाधार (हाउजिङ्ग, जग्गा विकास जस्ता रियल स्टेटको क्षेत्र बाहेक) निर्माण, विदेशी मुद्रा आर्जन गर्ने पर्यटन, कृषि क्षेत्र र लघु वित्त क्षेत्रमा कर्जा प्रवाह गर्ने प्रयोजनका लागि वित्तीय साधनको प्रबन्ध गर्न भारतस्थित बैंक तथा वित्तीय संस्थाबाट भारतीय मुद्रामा ऋण लिन सक्ने छन् । यसरी बैंकहरूले भारतीय मुद्रामा ऋण लिँदा अन्य परिवर्त्य विदेशी मुद्रामा ऋण लिएको भए सो समेत गरी आफ्नो प्राथमिक पुँजीको २५ प्रतिशतले हुने रकमसम्म मात्र ऋण लिन सक्ने छन् ।

केन्द्रीय बैंकले तोके बमोजिमको पुँजी कोष कायम गरेका बैंकहरूले मात्र यस्तो ऋण लिन सक्ने, यस्तो ऋण लिन सम्बन्धित बैंकको सञ्चालक समितिबाट निर्णय भएको हुनुपर्ने, ऋण दिने बैंक तथा वित्तीय संस्थालाई अन्तर्राष्ट्रिय रूपमा वित्तीय कारोबार गर्नमा कुनै किसिमको प्रतिबन्ध नलगाइएको हुनुपर्ने लगायतका शर्त तोकिएका छन् ।

यस्तो ऋणको भुक्तानी अवधि १ वर्षदेखि ५ वर्षसम्मको मात्र हुनुपर्ने तर केन्द्रीय बैंकले स्वीकृति प्रदान गरेको अवस्थामा नवीकरण गर्न सकिने व्यवस्था गरिएको छ ।

ऋणदाताले लगाउने अन्य सम्पूर्ण शुल्क (Fee) समेत गरी ऋणको अधिकतम व्याजदर भारत सरकारले जारी गरेको पछिल्लो ३६४ दिने ट्रेजरी बिलको औसत डिस्काउण्ट दरमा अधिकतम १ प्रतिशत प्रिमियम थप गरी सो भन्दा बढी नहुने गरी तय गरेको हुनु पर्नेछ । उक्त व्याजदर बाहेक अन्य कुनै शुल्क, कमिशन दिन पाइने छैन । यस्तो ऋण लिने प्रयोजनको लागि कुनै किसिमको धितो, जमानत, बैंक ग्यारेन्टी दिन पाइने छैन । यस्तो ऋण लिन केन्द्रीय बैंकबाट पूर्व स्वीकृत लिनु पर्नेछ । ऋण रकम भित्रिसके पश्चात् अनिवार्य रूपमा केन्द्रीय बैंकमा लेखांकन गराउनु पर्ने छ । ऋणको साँवा, व्याज भुक्तानी गर्दा केन्द्रीय बैंकलाई अविलम्ब जानकारी गराई केन्द्रीय बैंकको अभिलेखमा अद्यावधिक गराउनु पर्नेछ । साथै, ऋणको ब्याज भुक्तानी गर्दा प्रचलित नियमानुसार लाग्ने कर कट्टी गरेर मात्र भुक्तानी गर्नु पर्नेछ । यसै गरी, वाणिज्य बैंकले ऋण रकम भित्र्याउँदा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी प्रचलित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनको पूर्ण पालना गरेको हुनु पर्नेछ ।

## त्रैमासिक वित्तीय विवरण प्रकाशन गर्ने समयावधि थप

नेपाली वाणिज्य बैंकहरूले २०७५ साउन १ गतेदेखि आफ्नो वित्तीय विवरण नयाँ ढाँचामा तयार गर्नुपर्ने व्यवस्था लागू भएपछि तिनीहरूको त्रैमासिक विवरणहरू प्रकाशन गर्ने समयावधि पनि थप गरिएको छ ।

नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागले २०७५ साउन १४ गते एक निर्देशन जारी गरी वाणिज्य बैंकहरूले आर्थिक वर्ष २०७४/७५ को चौथो त्रयमासदेखि आर्थिक वर्ष २०७५/७६ को चौथो त्रयमाससम्मको त्रैमासिक विवरणहरू राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्ने समयावधि त्रयमास समाप्त भएको मितिले ३० दिन कायम गरेको छ ।

अन्य वित्तीय संस्थाहरूको हकमा सम्पूर्ण शाखाहरूको समेत कारोबार समावेश गरी वास्तविक एकीकृत वित्तीय विवरण लगायत प्रमुख वित्तीय परिसूचकहरू (Major Financial Indicators) को विवरण हरेक त्रयमासको महिना व्यतीत भएको मितिले १५ दिनभित्र कुनै एक राष्ट्रियस्तरको दैनिक पत्रिकामा अनिवार्य रूपमा प्रकाशित गरी सोको एक प्रति बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागलाई समेत उपलब्ध गराउनु पर्ने व्यवस्था यथावत कायम गरिएको छ ।

## भूकम्प प्रभावित कर्जामा कडाई नगर्न निर्देशन

भूकम्प प्रभावित सहुलियतपूर्ण कर्जाका ऋणीहरूको धितो लिलामी प्रक्रिया अर्को व्यवस्था नभएसम्मका लागि अघि नबढाउन र प्रक्रिया अघि बढिसकेको भए सो कार्य समेत स्थगित गर्न नेपाल राष्ट्र बैंकले २०७५ साउन १४ गते बैंक तथा वित्तीय संस्थाहरूलाई निर्देशन जारी गरेको छ ।

भूकम्प प्रभावित घरपरिवारलाई आवासीय घर पुनरनिर्माणका लागि प्रदान गरिने पुनरकर्जा कार्यविधि, २०७२ बमोजिम प्रदान गरिने कर्जाको न्यूनतम अवधि ५ वर्ष र अधिकतम अवधि १० वर्ष हुने व्यवस्था रहेको भए तापनि नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ४९ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम यस्तो कर्जामा यस बैंकबाट बढीमा १ वर्षको लागि पुनरकर्जा सुविधा प्रदान गर्ने गरिएको तथा सोही दफाको उपदफा (३) मा भएको व्यवस्था अनुसार थप १ वर्षका लागि नवीकरण गर्न सकिने प्रावधान बमोजिम नवीकरण गर्न सकिने कानुनी व्यवस्था रहेको पनि उक्त निर्देशनमा उल्लेख छ ।

यसै सन्दर्भमा कतिपय भूकम्प प्रभावित ऋणीहरू अन्यौलमा रहेको र सो सम्बन्धी गुनासो समेत आउने गरेको तथा केही बैंक तथा वित्तीय संस्थाहरूबाट यसरी कर्जा प्रवाह भएको करिब २ वर्षपछि नै कर्जा असुली प्रक्रियामा कडाई गरी धितो लिलामीसम्मको प्रक्रिया अवलम्बन गर्न लागेको व्यहोरा अवगत हुन आएको समेत निर्देशनमा उल्लेख छ ।

## बैंक नोटमा लेख्ने वा कोर्नेलाई कानुनी कारवाही हुने

नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभागले २०७५ साउन २३ गते एक सूचना जारी गरी बैंक नोटमा लेख्न वा कोर्न नहुने र यस्तो कसूर गर्ने वा गराउने व्यक्तिलाई मुलुकी अपराध (संहिता) ऐन, २०७४ बमोजिम कारवाही हुने जनाएको छ ।

उक्त ऐनको परिच्छेद २२, मुद्रा सम्बन्धी कसूर अन्तर्गतको दफा २६३ मा बैंक नोट वा सिक्का जलाउन, गाल्न, च्यात्न वा बैंक नोटमा लेख्न नहुने व्यवस्था उल्लेख छ । सोही दफाको उपदफा (१) मा अधिकार प्राप्त अधिकारीको आदेश बिना कसैले मुद्राको रूपमा ग्राह्य भएको बैंक नोट वा सिक्कालाई जलाउन वा त्यसलाई काम नलाग्ने गरी गाल्न वा च्यात्न हुँदैन र उपदफा (२) मा कसैले बैंक नोटमा लेख्न वा कोर्न हुँदैन भन्ने व्यवस्था उल्लेख छ ।

यसै गरी, उपदफा (३) मा उपदफा (१) वा (२) बमोजिम कसूर गर्ने गराउने व्यक्तिलाई तीन महिनासम्म कैद र पाँच हजार रूपैयाँसम्म जरिवाना हुने व्यवस्था गरिएको छ ।

यी कानुनी व्यवस्थाका साथै नोट राष्ट्रको सम्पत्ति हो, यसको हिफाजत गरौं र नोटमा जथाभावी केरमेट नगरौं भन्ने चेतनामूलक सन्देश बैंकले सूचना मार्फत सर्वसाधारणमा जानकारी गराएको हो ।

# गभर्नर डा. नेपाल र जापानी राजदूतबीच भेटवार्ता



गभर्नर डा. चिरंजीबि नेपालसँग नेपालका लागि जापानका नवनियुक्त राजदूत मासामिची साइगो (Mr. Masamichi Saigo) ले २०७५ साउन १० गते शिष्टाचार भेटवार्ता गर्नुभयो ।

सो अवसरमा गभर्नर डा. नेपालले जापान र नेपालबीच सधैं राम्रो सम्बन्ध रहेको चर्चा गर्दै नेपालको आर्थिक विकासमा जापानी सहयोगको निरन्तरता कायम रहने अपेक्षा व्यक्त गर्नुभयो । साथै, उहाँले लगानीको वातावरणमा आएको सुधारको अवस्था चित्रण गर्दै भूकम्प पश्चात् भएको नेपालको आर्थिक गतिविधिको बारेमा प्रकाश पार्नुभयो ।

भेटवार्तामा राजदूत साइगोले नेपाल र जापान बीचको सम्बन्ध अझै प्रगाढ बनाउने आफ्नो उद्देश्य रहेको बताउनु भयो । साथै, उहाँले नेपालको राजनैतिक स्थिरतासँगै लगानीको वातावरणमा देखिएको सुधारको संकेतले जापानी लगानीकर्ताहरू नेपालमा लगानी गर्न इच्छुक रहेको उल्लेख गर्नुभयो ।

उक्त भेटवार्तामा गभर्नर डा. नेपाल र राजदूत साइगोबीच नेपालको आर्थिक वृद्धिदर, लगानीको वातावरण र आपसी सहयोगका विविध पक्षमा विचार विमर्श समेत भएको थियो । यसका साथै भेटवार्तामा सम्पत्ति शुद्धीकरण र आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण गर्ने विषयका विविध पक्षबारे उहाँहरूबीच छलफल भएको थियो ।

भेटवार्तामा जापानी राजदूतावासका Deputy Head of Mission शिन्या माचिदा (Shinya Machida) र अनुसन्धाता तथा सल्लाहकार साकिको कुरोसाका (Sakiko Kurosaka) का साथै गभर्नरको कार्यालयका अधिकृतहरूको उपस्थिति रहेको थियो ।

# डेपुटी गभर्नर शिवाकोटीद्वारा लघु वित्त वित्तीय संस्थाको उद्घाटन

डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले काभ्रेपलाञ्चोक जिल्ला, नमोबुद्ध नगरपालिका वडा नं. २, भकुण्डेबेसीमा स्थापित दिव्य लघु वित्त वित्तीय संस्था लिमिटेडको २०७५ साउन २३ गते एक समारोहका बीच उद्घाटन गर्नुभयो ।

समारोहमा प्रमुख अतिथिको आसनबाट बोल्दै डेपुटी गभर्नर शिवाकोटीले लघु वित्त वित्तीय संस्थाहरूले गरिब तथा न्यून आयस्तर भएका जनतालाई सामुहिक जमानीमा कर्जा प्रदान गर्ने र स्वरोजगार मार्फत उनीहरुको जीवनस्तर माथि उस्काने कार्यमा महत्वपूर्ण भूमिका खेल्ने गरेको बताउनु भयो ।



राष्ट्रियस्तरको कार्यक्षेत्र रहेको दिव्य लघु वित्त वित्तीय संस्थाले वित्तीय पहुँच न्यून रहेका पहाडी तथा हिमाली क्षेत्रमा सेवा विस्तार गर्नुपर्नेमा जोड दिँदै उहाँले संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी नीति तथा निर्देशनको पालना गर्दै विपन्न वर्गलाई कर्जा प्रदान गर्ने तथा देशका विभिन्न क्षेत्रमा वित्तीय पहुँच विस्तार गर्ने कार्यमा थप योगदान दिने विश्वास व्यक्त गर्नुभयो ।

समारोहमा संस्थाका अध्यक्ष तथा सेञ्चुरी बैंकका नायव कार्यकारी अधिकृत जीवन भट्टराई, संस्थाका प्रमुख कार्यकारी अधिकृत किरण विष्ट, संस्थापक शेयरधनीहरू, कर्मचारीहरू, स्थानीय उद्योगी, व्यापारी, बुद्धिजीवी तथा सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो ।

## नीति निर्देशन...

संस्थाका सञ्चालक कृष्णहरि श्रेष्ठले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त समारोहमा कार्यकारी निर्देशकद्वय बैंक तथा वित्तीय संस्था नियमन विभागका नारायणप्रसाद पौडेल तथा वित्त कम्पनी सुपरिवेक्षण विभागका देवकुमार ढकाल, निर्देशकद्वय बैंक तथा वित्तीय संस्था नियमन विभागका बमबहादुर मिश्र तथा वित्त कम्पनी सुपरिवेक्षण विभागका विश्रुत थापाका साथै बेस्ट फाइनान्स लिमिटेडका सञ्चालकहरू, शेयरधनीहरू, प्रमुख कार्यकारी अधिकृत तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

# डेपुटी गभर्नर शिवाकोटीद्वारा बैंक शाखा उद्घाटन

डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले २०७५ साउन १८ गते मोरङको बुढीगंगा गाउँपालिका वडा नं. २, टंकीसिनुवारीमा आयोजित एक समारोहका बीच सांग्रिला विकास बैंकको नवस्थापित शाखाको उद्घाटन गर्नुभयो ।





समारोहमा डेपुटी गभर्नर शिवाकोटीले वित्तीय साक्षरता र त्यसको महत्व, बैंक तथा वित्तीय संस्थाहरूको शाखा सञ्जाल विस्तार र आर्थिक क्रियाकलापहरूको विस्तार सम्बन्धमा चर्चा गर्दै व्यवस्थित रूपमा आर्थिक क्रियाकलाप सम्पन्न गर्नको लागि योजना एवम् बजेट अति महत्वपूर्ण हुने बताउनु भयो ।

सबैले आर्थिक कारोबार बैंक तथा वित्तीय संस्था मार्फत गर्नुपर्नेमा जोड दिँदै उहाँले बैंक मार्फत गरिने कारोबार व्यवस्थित, सुरक्षित र भरपर्दो हुने हुँदा यसप्रति जनविश्वास बढिरहेको कुरा बताउनु भयो ।

उक्त समारोहमा विराटनगर कार्यालयका निर्देशक विनोदराज आचार्य, सांग्रिला विकास बैंकका अध्यक्षका साथै अन्य सञ्चालकहरू, प्रमुख कार्यकारी अधिकृत तथा कर्मचारीहरू, स्थानीय बुद्धिजीवी, जनप्रतिनिधिहरू लगायत सर्वसाधारणको उपस्थिति रहेको थियो ।

सोही दिन डेपुटी गभर्नर शिवाकोटीले झापाको बिर्तामोडमा नवस्थापित ज्योति विकास बैंकको शाखा कार्यालयको पनि उद्घाटन गर्नुभयो ।

उक्त कार्यक्रममा प्रमुख अतिथि रहनु भएका उहाँले झापा जिल्लामा आधुनिक बैंकिङ सेवा विस्तार गर्न विभिन्न बैंकहरूले शाखा विस्तार गरिहरेको र आगामी दिनमा यो क्रम अझै बढ्ने विश्वास व्यक्त गर्नुभयो ।

साथै, उहाँले ज्योति विकास बैंकको नवस्थापित शाखाले सर्वसाधारणमा गुणस्तरीय सेवा विस्तार गरी व्यावसायिक सफलता प्राप्त गर्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा विराटनगर कार्यालयका निर्देशक आचार्य, ज्योति विकास बैंकका सञ्चालक, प्रमुख कार्यकारी अधिकृत तथा कर्मचारीहरूका साथै स्थानीय उद्योगी, व्यवसायी, बुद्धिजीवी, सञ्चारकर्मी लगायत सर्वसाधारणको उपस्थिति रहेको थियो ।

# बैंकमा विद्यमान समिति/उपसमिति खारेज

जनशक्ति व्यवस्थापन विभागले २०७५ साउन १७ गते एक परिपत्र जारी गरी प्रचलित ऐन, नियम, विनियम, कार्यविधि, निर्देशिका एवम् नेपाल सरकारको निर्णय बमोजिम गठित समिति/उपसमितिहरू बाहेक बैंकको सञ्चालक समिति वा गभर्नरज्यूको प्रशासनिक निर्णय बमोजिम विभिन्न विभाग/महाशाखा/एकाइ तथा कार्यालयहरूमा २०७४ चैत मसान्त अघि गठन भई कार्यरत रहेका सबै समिति/उपसमितिहरू खारेज भएको जनाएको छ ।

बैंक सञ्चालक समितिको मिति २०७५/४/९ मा बसेको बैठक संख्या २१/२०७५ ले बैंकको विभिन्न विभाग/महाशाखा/एकाइ तथा कार्यालयमा विभिन्न उद्देश्यका लागि गठन भई निरन्तर कार्यरत रहेका समिति/उपसमिति सम्बन्धमा गरेको निर्णय कार्यान्वयनका लागि जारी गरिएको उक्त परिपत्र अनुसार २०७४ चैत मसान्त पश्चात् सञ्चालक समिति वा गभर्नरज्यूबाट गठन भएका समिति/उपसमितिको संयोजकको रूपमा सञ्चालक समितिको सदस्यलाई तोकिएको अवस्थामा एक जना मात्र सम्बन्धित विभाग हेर्ने डेपुटी गभर्नर (अत्यावश्यक भएमा मात्र) रहने गरी विद्यमान समिति/उपसमितिको पुनरसंरचना/पुनरावलोकन गर्न सम्बन्धित विभागबाट प्रस्ताव पेश गर्नुपर्ने छ ।

विभाग/महाशाखा/एकाइ तथा कार्यालयको दैनिक कार्य सञ्चालनमा सहजीकरणका लागि नभई नहुने समिति/उपसमिति गठन गर्न आवश्यक देखिएमा सम्बन्धित विभागबाट प्रस्तावित समिति/उपसमितिको औचित्य, कार्यादेश (Terms of Reference), संरचना आदि सहितको विस्तृत प्रस्ताव जनशक्ति व्यवस्थापन विभागमा पेश गर्नु पर्ने प्रावधान पनि सो परिपत्रमा उल्लेख छ ।

परिपत्रले बैंकको विद्यमान समिति/उपसमितिको पुनरसंरचना तथा नयाँ समिति/उपसमितिको गठन जनशक्ति व्यवस्थापन विभागमार्फत मात्र गर्न सकिने व्यवस्था लागू गरेको छ । यसका लागि सम्बन्धित विभाग/महाशाखा/एकाइ तथा कार्यालयले तोकिएको ढाँचामा प्रस्ताव तयार गरी उक्त विभागमा पेश गर्नु पर्ने व्यवस्था कायम गरिएको छ ।

# बैंक तथा वित्तीय संस्थाहरूका लागि NFRS महत्त्वपूर्ण

डेपुटी गर्भनर शिवराज श्रेष्ठले नेपाली बैंक तथा वित्तीय संस्थाहरूका लागि NFRS महत्वपूर्ण भएको बताउनु भएको छ।



बैंकर्स प्रशिक्षण केन्द्रले सञ्चालन गरेको Preparation of Financial Statement Under NFRS Regime विषयक तालिमको २०७५ साउन २२ गते आयोजित समापन समारोहमा मन्तव्य व्यक्त गर्दै केन्द्रको फ्याकल्टी बोर्डका संयोजक एवम् डेपुटी गर्भनर श्रेष्ठले वाणिज्य बैंकहरूमा NFRS लागु भइसकेको र अन्य वित्तीय संस्थाहरूमा पनि क्रमशः लागू गर्दै जाने नीति रहेको प्रष्ट पार्नुभयो।

साथै, उहाँले NFRS सम्बन्धी तालिम बैंकका सबै तहका कर्मचारीहरूलाई जरुरी भएकोले यस प्रकृतिको तालिमको संख्या बढाउनु पर्नेमा जोड दिनुभयो।

कार्यकारी निर्देशकहरू जनशक्ति व्यवस्थापन विभागका उपेन्द्रकुमार पौडेल, बैंक सुपरिवेक्षण विभागका महेश्वरलाल श्रेष्ठ र विकास बैंक सुपरिवेक्षण विभागका भुवन कँडेलको उपस्थिति रहेको उक्त समारोहमा केन्द्रका कायम मुकायम निर्देशक मुक्तिनाथ सापकोटाले तालिमसँग जोडिएका विविध पक्षहरूको सारांश प्रस्तुत गर्नु भएको थियो।

तालिमको शुभारम्भ २०७५ साउन २० गते जनशक्ति व्यवस्थापन विभागका कार्यकारी निर्देशक पौडेलले गर्नुभएको थियो। सो अवसरमा केन्द्रका कायम मुकायम निर्देशक सापकोटाले तालिम कार्यक्रमको उद्देश्य तथा महत्वमाथि प्रकाश पार्नुभएको थियो।

२०७५ साउन २० देखि २२ गतेसम्म सञ्चालित उक्त तालिममा बैक सुपरिवेक्षण विभागका निर्देशक ऋषिकेश भट्ट, उपनिर्देशकहरू सोही विभागका राजनदेव भट्टराई, सत्येन्द्रराज सुवेदी तथा बिना ढकाल पौडेल, विकास बैंक सुपरिवेक्षण विभागका कमलप्रकाश कालाथोकी तथा कृष्णप्रसाद गौतम, वित्त कम्पनी सुपरिवेक्षण विभागका प्रतिभा अधिकारी र लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका लुमाकान्त भट्टराई, सहायक निर्देशकहरू आन्तरिक लेखापरीक्षण विभागका रामकुमार के.सी., सुरेश शिवाकोटी तथा निकी महर्जन, लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका वशिष्ठ अधिकारी तथा राममणि शर्मा, बैंक सुपरिवेक्षण विभागका टिकाराम खतिवडा, यज्ञ श्रेष्ठ, स्नेहा अग्रवाल, राजु पौडेल, धनञ्जय पराजुली, बृहत श्रेष्ठ, समिर श्रेष्ठ तथा सुशिलकुमार दास, वित्त कम्पनी सुपरिवेक्षण विभागका मनोज गुरुङ, विष्णुप्रसाद उपाध्याय तथा खिलानाथ दाहाल, विदेशी विनिमय व्यवस्थापन विभागका ढुण्डीराज मिश्र, सुरेशकुमार न्यौपाने तथा ईश्वरी लुईटेल, वित्त व्यवस्थापन विभागका राजेन्द्रप्रसाद रिजाल र विकास बैंक सुपरिवेक्षण विभागका राकेश प्रजापति तथा सार्थक कार्की गरी ३० जनाको सहभागिता रहेको थियो।

वरिष्ठ चार्टर्ड एकाउण्टेण्टहरूबाट NFRS सम्बन्धी वार्ता प्रस्तुति मार्फत प्रशिक्षण दिइएको उक्त तालिम कार्यक्रमको संयोजक केन्द्रका सहायक निर्देशक रमेशकुमार सुवेदी हुनुहुन्थ्यो।



## डेपुटी गभर्नर श्रेष्ठ सिसन सेमिनारमा



डेपुटी गभर्नर शिवराज श्रेष्ठ सिसन सेन्टरले २०७५ साउन २८ र २९ (२०१८ अगस्ट १३ र १४) मा मलेसियामा आयोजना गरेको SEACEN High Level Seminar and Meeting मा सहभागी हुनुभई साउन ३१ गते काठमाडौं फर्कनु भयो। उक्त बैठकमा भाग लिन उहाँ साउन २६ गते त्यसतर्फ प्रस्थान गर्नु भएको थियो। उक्त बैठकमा जनशक्ति व्यवस्थापन विभागका कार्यकारी निर्देशक उपेन्द्रकुमार पौडेल पनि सहभागी हुनुहुन्थ्यो।

# राष्ट्रिय आवश्यकता र आ.व. २०७५/७६ को मौद्रिक नीति



स.नि. प्रेमप्रसाद आचार्य

देश संघीय ढाँचामा गइसकेपछि भएको तीन तह (संघ, प्रदेश र स्थानीय) को चुनाव मार्फत जनादेश प्राप्त नयाँ सरकार गठन भई कार्यसञ्चालन अगाडि बढिरहेको छ । देशमा राजनैतिक स्थायित्वसँगै विकास निर्माणले गति लिने अपेक्षा सहित विभिन्न क्षेत्रमा कर्जाको माग वृद्धि हुँदा बजारमा लगानीयोग्य कोषमा चाप परेको र त्यसलाई सम्बोधन गर्ने गरी विभिन्न प्रयासहरू भइरहेको स्थिति छ ।

नेपाल सरकारले २०७५ जेठ १५ गते रु.१३ खर्ब १५ अर्बको वार्षिक बजेट प्रस्तुत गर्दै आर्थिक वर्ष २०७५/७६ मा करिब ८ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने र मुद्रास्फीतिलाई ६.५ प्रतिशतमा सीमित गर्ने लक्ष्य लिएको छ । देशमा रहेका ७ वटा प्रदेश सरकारहरूले पनि रु.२ खर्ब ६ अर्बको बजेट प्रस्तुत गरेका गरेका छन् । संघ र प्रदेशहरूको कुल बजेट रु.१५ खर्ब २१ अर्बमध्ये रु.४ खर्ब २३ अर्ब पुँजीगत खर्च रहेको छ । देशभरिका ७५३ स्थानीय तहहरूको बजेट समेत गर्दा आ.व.२०७५/७६ मा करिव रु. ५ खर्ब बढीको पुँजीगत खर्च विनियोजन भएको देखिन्छ । सरकारी खर्चको विगतको प्रवृत्ति हेर्दा विनियोजित रकममध्येको वास्तविक खर्चले आगामी दिनमा बजारको तरलतालाई धेरै हदसम्म निर्धारण गर्ने देखिन्छ ।

सरकारले वार्षिक बजेट मार्फत लिएको आर्थिक वृद्धि र मुद्रास्फीतिको लक्ष्य हासिल गर्न सहयोग गर्ने, लगानीको वातावरण सहज बनाउने तथा कर्जा र निक्षेप बीचमा देखिएको असहजतालाई चिर्दै तत्कालीन मागलाई सम्बोधन गर्ने अभिप्रायका साथ नेपाल राष्ट्र बैंकले २०७५ असार २७ गते आर्थिक वर्ष २०७५/७६ को मौद्रिक नीति सार्वजनिक गरेको थियो । यसमा बजारको तत्कालीन मागहरू जस्तैः तरलता व्यवस्थापन, व्याजदर नियन्त्रण, कर्जा र वित्तीय पहुँचको विस्तार, पुँजी बजारको सहजीकरण, मुद्रास्फीति नियन्त्रण र आर्थिक वृद्धिका लागि कर्जा विस्तारमा सहजता लगायतका विषयहरूको प्रत्यक्ष सम्बोधन गर्ने प्रयास गरिएको छ ।

### तरलता व्यवस्थापन

नेपाली वित्तीय बजारमा यथेष्ट मात्रामा लगानीयोग्य कोषको कमीका कारण २०७४/७५ को पहिलो त्रयमासदेखि नै वित्तीय घर्षण पैदा भएको स्थिति देखा परेको थियो । आ.व.२०७४/७५ को जेठसम्ममा बैंक तथा वित्तीय संस्थाहरूको कर्जा २२.५ प्रतिशतले विस्तार हुँदा निक्षेपको वृद्धिदर केवल १९.२ प्रतिशत मात्र रहेको थियो । कर्जाको माग अधिक हुने तर सोही अनुपातमा निक्षेप बढ्न नसकेको कारण वित्तीय बजारमा कर्जायोग्य रकमको अभाव देखिएको हो । यसका साथै अल्पकालीन प्रकृतिको निक्षेपका आधारमा दीर्घकालीन प्रकृतिको कर्जा प्रवाह गर्ने गरेका कारण पनि कर्जा र निक्षेपका बीचमा असन्तुलन भएको देखिन्छ । तथापि, तत्कालीन समयमा कहीँ न कहीँबाट बजारमा तरलता थप गर्नुपर्ने आवश्यकता महसुस भएको छ । मौद्रिक नीति मार्फत गरिएको अनिवार्य नगद मौज्दात (CRR) को कटौतीले बैंकिङ क्षेत्रमा करिव रु.४८ अर्ब कर्जायोग्य रकम थप हुने विश्वास केन्द्रीय बैंकले लिएको छ । पुनरकर्जा कोषको रकम साविकको रु.२० अर्बबाट झण्डै दोब्बरले वृद्धि गरी रु.३५ अर्ब पुऱ्याइएको छ । वैद्यानिक तरलता अनुपात पनि वाणिज्य बैंकका लागि २ प्रतिशत विन्दुले र विकास बैंक र वित्त कम्पनीका लागि १/१ प्रतिशत विन्दुले कम गरी क्रमशः १० प्रतिशत, ८ प्रतिशत र ७ प्रतिशत कायम गरिएको छ । यी प्रावधानबाट करिव रु.१ खर्ब बढीको कर्जायोग्य रकम सिर्जना हुने अपेक्षा गरिएको छ । यसका साथै हेजिङ फण्डको व्यवस्था गर्ने, दीर्घकालीन ऋणपत्रलाई पनि कर्जा र पुँजीकोष तथा निक्षेप अनुपात (CCD) गणना गर्दा समावेश गर्न पाइने, बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो प्राथमिक पुँजीको २५ प्रतिशतसम्म परिवर्त्य विदेशी मुद्राका साथै भा.रु. मा पनि बाह्य ऋण परिचालन गर्न पाउने लगायतका व्यवस्थाले बजारमा कर्जायोग्य रकमको आपूर्ति बढाउन मद्दत पुग्ने अपेक्षा गर्न सकिन्छ ।

### व्याजदर नियन्त्रण

बैंकिङ क्षेत्रको कर्जा वृद्धिको अनुपातमा निक्षेप नबढ्दा सीमित निक्षेपलाई बढाबढ व्याजदरमा आकर्षित गर्नुपर्ने बाध्यता जस्तो देखिएको छ । उच्च व्याजदरमा संकलन गरेको निक्षेपको लागतमा संस्थाको सञ्चालन खर्च तथा नाफा जोडेर कर्जा प्रवाह गर्नुपर्ने भएकोको कर्जाको व्याजदर पनि बढ्ने गरेको हो । यसबाट बैंक तथा वित्तीय संस्थाहरूका बीचमा अस्वस्थ प्रतिस्पर्धा हुनुका साथै कर्जा लिनेलाई असहजता भएको, उद्योग व्यवसायको लागत बढेको र समग्र बैंकिङ क्षेत्रप्रति जनविश्वास घट्न सक्ने स्थिति उत्पन्न भएको छ । यसलाई सम्बोधन गर्न मौद्रिक नीतिमा केही व्यवस्था गरिएका छन् । एउटै संगठित संस्थाबाट परिचालन गर्न पाइने निक्षेपको सीमा २० प्रतिशतबाट १५ प्रतिशतमा झारिएको छ । कर्जामा लिइने र निक्षेपमा दिइने औसत व्याजदर बीचको अन्तर (स्प्रेड) दरलाई ५ प्रतिशतबाट ४.५ प्रतिशत कायम गरिएको छ । व्याजदर कोरिडोरको तल्लो र माथिल्लो सीमामा ०.५ प्रतिशत विन्दुले थपघट गरी तल्लो सीमा ३.५ प्रतिशत र माथिल्लो सीमा ६.५ प्रतिशत कायम गरी कोरिडोरलाई १ प्रतिशतले साँघुरो बनाइएको छ । त्यस्तै बैंकदर ७ प्रतिशतको सट्टा ६.५ प्रतिशत कायम गरिएको एवम् बैंक तथा वित्तीय संस्थाहरूले संस्थागत निक्षेपमा प्रदान गर्ने व्याजदरमा प्रकाशित दरमा १ प्रतिशत विन्दुले मात्र थप गर्न पाउने व्यवस्था गरिएको छ । यी व्यवस्थाबाट बैंक तथा वित्तीय संस्थाहरूको आधार व्याजदरमा २ देखि ३ प्रतिशतसम्मले कमी आउन सक्ने र व्याजदर स्थिरता कायम गर्नमा सघाउ पुग्नुका साथै कर्जाको व्याजदर क्रमशः कम हुँदै जाने अपेक्षा गर्न सकिन्छ ।

## वित्तीय पहुँच विस्तार

देशमा वित्तीय पहुँच विस्तार गर्न र वित्तीय साक्षरता अभिवृद्धि गर्न विभिन्न पहल गरिने मौद्रिक नीतिमा उल्लेख छ । संघीय व्यवस्था अन्तर्गत गठित ७५३ स्थानीय तहहरूमध्ये २०७५ असारसम्ममा ६३१ वटा स्थानीय तहमा वाणिज्य बैंकको उपस्थिति रहेको सन्दर्भमा वित्तीय सेवामा सबै नेपालीको सहज पहुँच सुनिश्चित गर्न वित्तीय समावेशीकरण एवम् वित्तीय साक्षरता कार्यक्रमलाई उच्च प्राथमिकता दिने र भुक्तानी प्रणालीमा प्रविधिको प्रयोगलाई बढावा दिने विषय मौद्रिक नीतिमा उल्लेख छ । साधारण तथा विशेष पुनरकर्जाको व्यवस्था, प्राथमिकता प्राप्त क्षेत्र कर्जा व्यवस्था, विपन्न वर्ग कर्जा व्यवस्था, पुनरकर्जा कोष रकममा वृद्धि, महानगरपालिका र उपमहानगरपालिका बाहेकका स्थानमा शाखा कार्यालय खोल्न स्वीकृति लिनु नपर्ने व्यवस्था, वाणिज्य बैंकहरूलाई सबै प्रदेशहरूमा प्राथमिकता प्राप्त क्षेत्रमा कर्जा प्रवाह गर्न प्रोत्साहित गरिने लगायतका व्यवस्थाले देशमा वित्तीय पहुँच विस्तार गर्न सहयोग पुग्ने देखिन्छ। यसै गरी एक वर्षभित्र सबै नेपालीको बैंक खाता खोल्ने अभियान सञ्चालन गर्ने, वित्तीय साक्षरता र समावेशीकरण अभिवृद्धि गर्ने, बैंकहरूले प्रादेशिक कार्यालय स्थापना गर्नुपर्ने लगायतका व्यवस्थाले देशमा वित्तीय साक्षरता अभिवृद्धि एवम् वित्तीय पहुँच विस्तार हुने अपेक्षा गर्न सकिन्छ ।

## पुँजी बजारको सहजीकरण

लगातार रूपमा घटिरहेको नेपाली शेयर बजारलाई सम्बोधन गर्ने प्रयास पनि मौद्रिक नीतिमा गरिएको छ। २०७३ साउन १२ गते नेपाली शेयर बजारको कारोबार मापक नेप्से परिसूचक सबैभन्दा उच्च (१८८१.४५) विन्दुसम्म पुग्दा बजार पुँजीकरण झण्डै रु.२० खर्ब ७१ अर्ब पुगेको थियो । २०७५ असारको अन्ततिर यो परिसूचक १२०० वरिपरि रहँदा बजार पुँजीकरण पनि घटेर रु.१४ खर्ब वरिपरि रहेको छ । यस अघि वि.स.२०५७, २०६५ र २०७३ गरी तीन पटक नेपालको शेयर बजार बुलिस ट्रेन्डमा पुगेर पुनः वियरिस ट्रेन्ड हुँदै सम्हालिएको थियो । पछिल्लो समय शेयर बजारमा वियरिस ट्रेन्ड हाबी भएको देखिन्छ । यसका पछाडि थुप्रै कारणहरू छन् । शेयर बजारमा सूचीकृत लगभग १९६ वटा संस्थामा १४८ वटा त बैंक तथा बीमा समूहका संस्था रहेको कारण मौद्रिक नीतिमार्फत मार्जिन लेण्डिङ सम्बन्धमा लिइने नीतिबाट शेयर बजारले बुलिस वा वियरिस ट्रेन्ड लिने आधार तय हुन्छ ।

शेयर बजारमा देखिएको लगातारको गिरावटका कारण सुरक्षणको रूपमा राखिएको शेयरको मूल्यमा कमी आउने हुँदा शेयर कर्जाको व्याज चुक्ताका लागि गरिने ताकेता बढी संवेदनशील भएको भन्ने आधारमा यस पटकको मौद्रिक नीति मार्फत सुरक्षणको रूपमा राखिएको शेयरको मूल्यमा २० प्रतिशतसम्मले कमी हुँदासम्म मार्जिन कल बाध्यकारी नहुने व्यवस्था गरिएको छ । वाणिज्य बैंकहरूबाट अनुरोध भई आएमा सहायक कम्पनी खडा गरी धितोपत्र व्यवसायीको कारोवार गर्न दिने प्रावधान पनि राखिएको छ । यसका अतिरिक्त मार्जिन लेण्डिङ अन्तर्गत बैंक तथा वित्तीय संस्थाहरूले प्राथमिक पुँजीको ४० प्रतिशतसम्म कर्जा प्रवाह गर्न पाउने सीमालाई घटाई २५ प्रतिशत कायम गरिएको छ । यसबाट मार्जिन लेण्डिङ क्षमता केही मात्रामा कम हुने भए तापनि साविक सीमाको ५० प्रतिशतको हाराहारीमा मात्र यस्तो कर्जा प्रदान गरेका बैंक तथा वित्तीय संस्थाहरूको मार्जिन लेण्डिङमा संकुचन आउने देखिँदैन । यी व्यवस्थाबाट मार्जिन कलमा सहजता आउने, दायरा विस्तार हुने र शेयर बजारलाई थप व्यवस्थित गर्न आधार बन्ने अपेक्षा गर्न सकिन्छ ।

## मुद्रास्फीति नियन्त्रण र आर्थिक बृद्धि

नेपाल राष्ट्र बैंकको मुख्य उद्देश्य मुद्रास्फीतिलाई वाञ्छित सीमामा राख्ने, भुक्तानी सन्तुलनलाई उचित स्तरमा कायम गर्ने, समग्र वित्तीय स्थायित्व हासिल गर्न बैंक तथा वित्तीय संस्थाहरूको प्रभावकारी नियमन तथा सुपरिवेक्षण गर्ने, वित्तीय क्षेत्रप्रतिको जनविश्वास अभिवृद्धि गर्ने र सरकारले परिलक्षित गरेको आर्थिक वृद्धिलाई सघाउ पुऱ्याउने नै हो । यसका लागि विगतदेखि नै नेपाल राष्ट्र बैंकले विभिन्न नीति तथा कार्यक्रम प्रस्तुत गर्दै आइरहेको छ। आर्थिक वर्ष २०७५/७६ मा पनि मौद्रिक नीति मार्फत बैंकले विस्तृत मुद्राप्रदायलाई १८ प्रतिशतभित्र कायम राखी, भा.रु.सँगको स्थिर विनिमयदर प्रणालीलाई निरन्तरता दिँदै मुद्रास्फीति ६.५ प्रतिशतमा सीमित राख्ने, आन्तरिक कर्जा विस्तार २२.५ प्रतिशत र निजी क्षेत्रतर्फको कर्जा वृद्धि २० प्रतिशतको हाराहारीमा राखी सरकारको लक्षित ८ प्रतिशतको आर्थिक वृद्धिदरलाई सहयोग पुग्ने गरी मौद्रिक व्यवस्थापन गर्ने विषय मौद्रिक नीतिमा रहेकोछ ।

आर्थिक वृद्धिलाई सघाउ पुऱ्याउन कर्जा विस्तारका लागि अनुकूल वातावरण मिलाउँदा मूल्यमा केही चाप पर्ने परिवेश रहन्छ। नेपालको मुद्रास्फीति खासगरी अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यमा हुने उतार चढाव र भारतीय बजारमा हुने मूल्यवृद्धिले निर्धारित हुने ट्रेन्डलाई आत्मसाथ गर्दा यस वर्षको मौद्रिक नीतिले बजारको तत्कालीन माग/समस्याहरूलाई धेरै हदसम्म हल गर्दै सरकारले तय गरेको उच्च आर्थिक वृद्धि हासिल, मुद्रास्फीति नियन्त्रण र वित्तीय प्रणालीको सबलीकरणमा सघाउ पुऱ्याउने अपेक्षा गर्न सकिन्छ। यो राष्ट्रिय आवश्यकता पनि हो ।

समग्र विकासका लागि राजनैतिक वातावरण अनुकूल भई स्थायित्वतर्फ अग्रसर हुनुपर्ने, वित्तीय मध्यस्थताको कार्य गर्ने बैंक तथा वित्तीय संस्थाहरूका बीचमा संस्थागत आचरण तथा अनुशासन सुदृढ हुनुपर्ने, सरकारको र निजी क्षेत्रको काम गराइमा लय मिल्नुपर्ने, व्यापार घाटालाई उचित नीति मार्फत सम्बोधन गर्नुपर्ने, स्थानीय, प्रादेशिक र संघीय सरकारका कामहरूमा तालमेल हुनुपर्ने, पुँजीगत खर्च मितव्ययी ढंगले गुणस्तरीय रूपमा हुनुपर्ने, माग पक्ष उत्प्रेरित हुनुपर्ने लगायतका अवस्था सिर्जना गर्ने कार्य चुनौतीका रूपमा देखिएको भए तापनि यसमा सम्बन्धित पक्षहरूको उचित समन्वय एवम् सहकार्यको माध्यमबाट अनुकूल वातावरण निर्माण गर्नु राष्ट्रिय आवश्यकता हो। यसलाई आर्थिक वर्ष २०७५/७६ को मौद्रिक नीतिले सहयोग गर्ने अपेक्षा गर्न सकिन्छ। यस आधारमा यस पटकको मौद्रिक नीति बजारको आवश्यकताका आधारमा समय सान्दर्भिक नै मान्न सकिन्छ। साथै, यसको प्रभावकारी कार्यान्वयनले अर्थतन्त्रमा सहज स्थिति आउने अपेक्षा गर्न सकिन्छ।

# मौद्रिक नीतिका व्यवस्था कार्यान्वयन गर्न निर्देशन जारी

नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०७५/७६ को मौद्रिक नीति मार्फत लिइएका विभिन्न नियमन व्यवस्था कार्यान्वयन गर्न २०७५ साउन २ गते बैंक तथा वित्तीय संस्थाहरूलाई एक निर्देशन जारी गर्‍यो । उक्त निर्देशनले यस बैंकबाट जारी गरिएको एकीकृत निर्देशिकाको इ.प्रा.निर्देशन नं. २, ६, १३, १४, १५, १६, १७ र २३ का निम्न विषयमा बुँदा संसोधन तथा थप गरेको छ ।

### मार्जिन लेण्डिङ सम्बन्धमा

मार्जिन लेण्डिङको मार्जिन कल सम्बन्धी व्यवस्थामा सुरक्षणमा राखिएको शेयरको बजार मूल्यमा २० प्रतिशतसम्मले घटेको अवस्थामा मार्जिन कल गर्न बाध्य नहुने र सुरक्षणमा राखिएको शेयरको मूल्य कुल कर्जा बक्यौता रकमको १.६ गुणाभन्दा बढी भएको अवस्थामा मार्जिन कल गर्न नपर्ने व्यवस्था गरिएको छ । यस अघि यस्तो सीमा १० प्रतिशत र डेढ गुणा थियो ।

यसै गरी, बैंक तथा वित्तीय संस्थाहरूले प्रवाह गर्न सक्ने मार्जिन लेण्डिङ प्रकृतिको कर्जाको कुल सीमा आफ्नो प्राथमिक पुँजीको ४० प्रतिशत बराबरको रकमबाट घटाई बढीमा २५ प्रतिशतसम्म प्रवाह गर्न सकिने गरी सीमा तोकिएको छ । यस अघि प्रवाह भएको कर्जाको हकमा २०७५ पुस मसान्तभित्र उक्त सीमाभित्र ल्याइसक्नु पर्नेछ । एउटा संस्थाले एउटा सूचीकृत कम्पनीको शेयरको सुरक्षणमा आफ्नो प्राथमिक पुँजीको बढीमा १० प्रतिशत बराबरको रकम ननाघ्ने गरी मात्र कर्जा प्रदान गर्न सक्ने व्यवस्था यथावत कायम गरिएको छ ।

### प्रयोजन नखुलेको व्यक्तिगत कर्जा सम्बन्धमा

बैंक तथा वित्तीय संस्थाहरूले ओभरड्राफ्ट लगायतका प्रयोजन नखुलेका व्यक्तिगत कर्जा प्रति ग्राहक रु.५० लाखसम्म मात्र प्रवाह गर्न सक्ने छन् । यस अघि यस्तो कर्जाको अधिकतम सीमा रु.७५ लाख रहेको थियो । यसअघि प्रवाहित यस्तो कर्जाको हकमा २०७५ पुस मसान्तभित्र रु.५० लाखको सीमामा ल्याइ सक्नु पर्नेछ । यस्तो कर्जाको त्रयमासिक विवरण तोकिएको ढाँचामा तयार गरी त्रयमास समाप्त भएको १५ दिनभित्र सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ ।

बैंक तथा वित्तीय संस्थाहरूले फर्म तथा कम्पनीलाई कर्जा प्रदान गर्दा वा नवीकरण गर्दा ऋणीसँग पछिल्लो कर चुक्ता प्रमाणपत्र र/वा अद्यावधिक कर चुक्ता/दाखिला प्रमाणपत्र वा E-Statement लिएर मात्र कर्जा प्रदान वा नवीकरण गर्नु पर्नेछ । साथै, रु.२५ करोड भन्दा बढीका चालु पुँजी प्रकृतिका कर्जा स्वीकृत तथा नवीकरण गर्दा सम्बन्धित ऋणीले पेश गरेको चालु पुँजी तथा दायित्वका विवरणहरू लेखापरीक्षकबाट प्रमाणित गराउनु पर्नेछ । यसै गरी, बैंक तथा वित्तीय संस्थाहरूबाट रु.५० करोड वा सो भन्दा बढीको कर्जा उपयोग गर्ने ऋणीलाई कर्जा प्रवाह वा नवीकरण गर्दा ऋणी संस्थाको क्रेडिट रेटिङ एजेन्सीबाट गरिएको रेटिङलाई कर्जा मूल्यांकनको आधारको रूपमा लिनु पर्नेछ ।

### वित्तीय विवरणको ढाँचा सम्बन्धमा

यस बैंकबाट इजाजतपत्र प्राप्त विकास बैंक तथा वित्त कम्पनीहरूले पनि आर्थिक वर्ष २०७५/७६ को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मापदण्ड (Nepal Financial Reporting Standards-NFRS) बमोजिम तयार गर्नु पर्नेछ । लाभांश घोषणा गर्ने प्रयोजनको लागि गणना गरिने वितरणयोग्य मुनाफा तथा वित्तीय विवरणको ढाँचा यस बैंकले तोके बमोजिम हुनेछ ।

### कर्मचारी दक्षता अभिवृद्धि सम्बन्धमा

बैंक तथा वित्तीय संस्थाहरूले आफ्ना कर्मचारीहरूको दक्षता अभिवृद्धिका लागि प्रत्येक वर्ष कूल कर्मचारी खर्चको न्यूनतम तीन प्रतिशत रकम तालिम तथा वृत्ति विकासमा खर्च गर्नुपर्ने छ । चालु आर्थिक वर्षमा कर्मचारीहरूको दक्षता अभिवृद्धिमा तोकिए अनुसारको रकम खर्च हुन नसकेमा त्यस्तो बाँकी रकम कर्मचारीको दक्षता अभिवृद्धि कोषमा जम्मा गरी आगामी आर्थिक वर्षमा खर्च गर्नु पर्नेछ । ती संस्थाहरूले संस्थामा कार्यरत सहायक स्तरदेखि अधिकृत स्तरसम्मका कर्मचारीहरूलाई बैंकिङ सम्बन्धी तालिम अनिवार्य रूपमा प्रदान गर्नुपर्ने छ । साथै, बैंकिङ क्षेत्रमा दक्ष जनशक्तिको विकास गर्नको लागि आफ्नो संस्थामा नयाँ भर्ना भएका कर्मचारीहरूलाई बैंक प्रवेश गरेको २ वर्षभित्र यस प्रकारको तालिम प्रदान गरी सक्नु पर्नेछ ।

### अनिवार्य मौज्दात र वैधानिक तरलता अनुपात सम्बन्धमा

क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थाहरूले कुल निक्षेप दायित्वको ४ प्रतिशत अनिवार्य मौज्दात वापत नेपाल राष्ट्र बैंकमा राख्नु पर्नेछ । यस व्यवस्था बमोजिम कायम गर्नुपर्ने अनिवार्य नगद मौज्दातको न्यूनतम ७० प्रतिशत रकम दैनिक रूपमा यस बैंकमा राख्नु पर्नेछ । यो व्यवस्था अघि क वर्गको वाणिज्य बैंकले कुल निक्षेप दायित्वको ६ प्रतिशत, ख वर्गको विकास बैंकले ५ प्रतिशत र ग वर्गको वित्त कम्पनीले ४ प्रतिशत अनिवार्य मौज्दात कायम गर्नु पर्दथ्यो ।

यसै गरी, क वर्गको वाणिज्य बैंकले कुल स्वदेशी निक्षेपको १० प्रतिशत, ख वर्गको विकास बैंकले ८ प्रतिशत र ग वर्गको वित्त कम्पनीले ७ प्रतिशत वैधानिक तरलता अनुपात कायम गर्नु पर्नेछ। यसअघि वाणिज्य बैंकले कुल स्वदेशी निक्षेपको १२ प्रतिशत, विकास बैंकले ९ प्रतिशत र वित्त कम्पनीले ८ प्रतिशत वैधानिक तरलता अनुपात कायम गर्नु पर्दथ्यो । यसका साथै, आर्थिक पुनरुद्धार कोषमा जम्मा गरिएको रकम वैधानिक तरलता अनुपात गणनामा समावेश नगरिने जनाइएको छ ।

### शाखा/कार्यालय खोल्ने सम्बन्धमा

बैंक तथा वित्तीय संस्थाहरूले शाखा कार्यालय खोल्न यस बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ तर महानगरपालिका र उपमहानगरपालिका बाहेकका स्थानमा शाखा कार्यालय खोल्न स्वीकृति लिनु पर्ने छैन । साथै, शाखा कार्यालय तथा एक्सटेन्सन काउन्टर खोल्दा कारोबार सुरु गरेकै दिन उक्त शाखा तथा एक्सटेन्सन काउन्टर सम्बन्धी विवरण यस बैंकको वेबसाइटको अनलाइन पोर्टल मार्फत जानकारी दिनु पर्नेछ । यसै गरी वाणिज्य बैंकहरूले २०७५ पुस मसान्तसम्ममा प्रत्येक

प्रदेशमा एक/एक वटाका दरले प्रादेशिक कार्यालय स्थापना गर्नु पर्नेछ । विगतमा स्थापित क्षेत्रीय स्तरका कार्यालय भए त्यस्ता कार्यालयलाई समेत प्रादेशिक कार्यालयमा रूपान्तरण गरी सम्बन्धित प्रदेश अन्तर्गतका शाखाहरूसँगको समन्वय, निगरानी, संस्थागत सुशासन, जोखिम व्यवस्थापन एवम् गुनासो सुनुवाई जस्ता कार्यहरू प्रादेशिक कार्यालयको कार्य क्षेत्रभित्र समेट्नु पर्नेछ ।

### ब्याजदर सम्बन्धमा

बैंक तथा वित्तीय संस्थाहरूले बोलकबोल (Bidding) को आधारमा संकलन हुने संस्थागत मुद्दति निक्षेपको हकमा प्रकाशित ब्याजदरमा १ प्रतिशतसम्म थप गरी निक्षेप संकलन गर्न सक्नेछन् । यसरी प्रकाशित गरिएको ब्याजदर ३ महिनासम्म परिवर्तन गर्न पाइने छैन । यस अघि संस्थागत निक्षेप प्रकाशित ब्याजदरमा २ प्रतिशतसम्म थप गरी संकलन गर्न सकिने व्यवस्था थियो ।

कर्जा तथा सापटको ब्याजदर निर्धारण गर्दा निक्षेपमा दिने र कर्जा तथा सापटमा लिने ब्याजदर बीचको औसत अन्तर क वर्गको वाणिज्य बैंकको हकमा विद्यमान ५ प्रतिशतबाट २०७६ असारसम्ममा ४.५ प्रतिशत र ख तथा ग वर्गका संस्थाको हकमा ५ प्रतिशतभन्दा बढी नहुने गरी गर्नु पर्नेछ । साथै, बैंक तथा वित्तीय संस्थाहरूको औसत ब्याजदर अन्तर २०७५ असोज मसान्त पश्चात आर्थिक वर्षको कुनै समयमा ५ प्रतिशतभन्दा बढी भएमा तथा क वर्गको वाणिज्य बैंकको त्यस्तो ब्याजदर अन्तर २०७६ असार मसान्त पश्चात आर्थिक वर्षको कुनै समयमा ४.५ प्रतिशतभन्दा बढी भएमा तोकिए बमोजिमका कारवाही हुने व्यवस्था गरिएको छ ।

यसै गरी बैंक तथा वित्तीय संस्थाहरूले कुनै एउटा फर्म, कम्पनी वा संगठित संस्थाबाट आफ्नो कुल निक्षेपको बढीमा १५ प्रतिशतसम्मको सीमामा नबढ्ने गरी संस्थागत निक्षेप परिचालन गर्न पाउने छन् । यस अघि यस्तो सीमा बढीमा २० प्रतिशत रहेको थियो ।

### न्यूनतम कर्जा प्रवाह सम्बन्धमा

क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो कुल कर्जा सापट (बिल्स खरिद तथा डिस्काउण्ट समेत) को न्यूनतम ५ प्रतिशत विपन्न वर्गमा कर्जा प्रवाह गर्नु पर्नेछ । यस अघि क वर्गको वाणिज्य बैंकले न्यूनतम ५ प्रतिशत, ख वर्गको विकास बैंकले ४.५ प्रतिशत र ग वर्गको वित्त कम्पनीले ४ प्रतिशत विपन्न वर्गमा कर्जा प्रवाह गर्नु पर्ने व्यवस्था थियो ।

यसै गरी, क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थाहरूले प्राथमिकता प्राप्त क्षेत्रमा आफ्नो कुल कर्जा तथा सापटको न्यूनतम क्रमशः २५ प्रतिशत, १५ प्रतिशत र १० प्रतिशत कर्जा २०७५ पुस मसान्तसम्ममा प्रवाह गर्नु पर्नेछ । क वर्गको वाणिज्य बैंकले यसमध्ये कृषिमा १० प्रतिशत र उर्जा तथा पर्यटन क्षेत्रमा १५ प्रतिशत कर्जा प्रवाह गर्नु पर्नेछ ।

### बैंकदर र क्रेडिट रेटिङ सम्बन्धमा

क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थाहरूलाई प्रचलित ऐनमा भएको व्यवस्था अनुसार उपलब्ध गराइने कर्जाको ब्याजदर (बैंकदर) ६.५ प्रतिशत कायम गरिएको छ । यस अघि बैंकदर ७ प्रतिशत थियो ।

यसै गरी, विद्युतीय माध्यमबाट बैंकिङ क्षेत्रमा हुन सक्ने साइबर अपराध न्यूनीकरण गर्दै साइबर सुरक्षालाई प्रवर्द्धन गर्न वाणिज्य बैंकहरूले आर्थिक वर्ष २०७५/७६ देखि अनिवार्य रूपमा सूचना प्रविधि प्रणालीको लेखापरीक्षण र वार्षिक रूपमा राष्ट्रिय वा अन्तर्राष्ट्रिय क्रेडिट रेटिङ एजेन्सीबाट आफ्नो क्रेडिट रेटिङ गर्नु पर्नेछ ।

### कार्ययोजना पेश गर्ने सम्बन्धमा

वाणिज्य बैंकहरूले प्रत्येक आर्थिक वर्षका लागि निक्षेप दायित्व तथा कर्जा सापट सहितको वार्षिक कार्ययोजना सञ्चालक समितिबाट स्वीकृत गराई हरेक आर्थिक वर्षको साउन मसान्तभित्र बैंक सुपरिवेक्षण विभागमा अनिवार्य रूपमा पेश गर्नु पर्नेछ । ती बैंकको सुपरिवेक्षणका क्रममा सो कार्ययोजनालाई सम्बन्धित बैंकको अनुगमनको आधारको रूपमा लिइने छ ।

## लघु वित्त वित्तीय संस्थाहरूले पनि कर्जाको विवरण कर्जा सूचना केन्द्रमा पठाउनु पर्ने

नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०७५/७६ को मौद्रिक नीतिमार्फत लिएका लघु वित्त सम्बन्धी नयाँ व्यवस्था कार्यान्वयन गर्न २०७५ साउन २ गते लघु वित्त वित्तीय संस्थाहरूलाई एक निर्देशन जारी गऱ्यो । उक्त निर्देशनले लघु वित्त वित्तीय संस्थाहरूले पनि नयाँ कर्जाको हकमा कर्जा स्वीकृत भएको महिना समाप्त भएको मितिले १५ दिनभित्र कर्जाको विवरण कर्जा सूचना केन्द्रमा पठाउनु पर्ने व्यवस्था गरेको छ । यस्तो विवरण केन्द्रले उपलब्ध गराएको वेबसाइट मार्फत अनलाइन पठाउन सकिने छ ।

नयाँ व्यवस्था अनुसार लघु वित्त वित्तीय संस्थाहरूले विना धितो सामुहिक जमानीमा वा धितो सुरक्षणमा लघु कर्जा प्रदान गर्दा एक ऋणीले एक भन्दा बढी लघु वित्त वित्तीय संस्थाबाट कर्जा लिए/नलिएको (Multiple Banking) यकीन गरी तोकिएको एकल ग्राहक कर्जा सीमा ननाघ्ने गरी मात्र कर्जा प्रदान गर्नु पर्नेछ । यस प्रयोजनको लागि अन्य वित्तीय संस्थाबाट लघु वित्त कर्जा लिए/नलिएको सम्बन्धमा ऋणीको स्वःघोषणा गराई लिएको भए सोको विवरण समेत लिनु पर्नेछ ।

यसै गरी, लघु वित्त वित्तीय संस्थाहरूले ग्राहकहरूलाई प्रदान गर्ने कर्जाको ब्याजदर आफ्नो कोष तथा प्रशासनिक लागत दरमा बढीमा ६ प्रतिशत विन्दुसम्म थप गरी निर्धारण गर्नु पर्नेछ । संस्थाले आफ्नो कोषको लागत (Cost of Fund) मा प्रशासनिक लागत वापत बढीमा ३ प्रतिशत विन्दुसम्म थप गरी कोष तथा प्रशासनिक लागत दर तय गर्नु पर्नेछ । यस व्यवस्था बमोजिम ब्याजदर कायम नगर्ने संस्थाहरूलाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० बमोजिम कारवाही गरिने पनि निर्देशनमा उल्लेख छ ।

साथै, सहायक कम्पनीको रूपमा स्थापना भएका लघु वित्त वित्तीय संस्थाहरूले आफ्नो मुख्य कम्पनीसँग हुने कारोबारलाई आफ्नो वित्तीय विवरणको लेखा सम्बन्धी टिप्पणी (Notes to Accounts) मा सम्बन्धित पक्ष बीच हुने कारोबार शीर्षक अन्तर्गत खुलाउनु पर्नेछ ।

# वित्तीय जानकारी सफ्टवेयर सम्बन्धी अनुशिक्षण सम्पन्न



वित्तीय जानकारी एकाइले २०७५ साउन २४ गते काठमाडौंमा सम्पत्ति शुद्धीकरण निवारण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण तथा FIU IT Software System (goAML) को प्रभावकारी कार्यान्वयन सम्बन्धी अनुशिक्षण कार्यक्रम सम्पन्न गऱ्यो ।

कार्यक्रममा वित्त कम्पनी सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक देवकुमार ढकालले निकट भविष्यमै सम्पूर्ण बैंक तथा वित्तीय संस्थाबाट नेपाल राष्ट्र बैंकमा पठाउनु पर्ने विवरणहरू Online System बाटै पठाउनु पर्ने व्यवस्था गर्न लागिएको जानकारी दिँदै वित्त कम्पनीहरूले पनि सूचना प्रणालीको Upgrade गर्दा goAML Software लाई आवश्यक सूचना प्राप्त हुने गरी आफ्नो सफ्टवेयरमा आवश्यक सुधार गर्नु पर्नेमा जोड दिनुभयो । साथै, उहाँले सबै वित्त कम्पनीहरू पनि आगामी दिनमा Online System बाट शंकास्पद कारोबार र सीमा कारोबार विवरण पेश गर्न सक्ने गरी पूर्व तयारी अवस्थामा रहन निर्देशन दिनुभयो ।

वित्तीय जानकारी एकाइका निर्देशक रामु पौडेलले सन् २०२०/२१ मा हुन लागेको पारस्परिक मूल्यांकनमा मुलुकको AML/CFT प्रणालीमा सम्बद्ध सम्पूर्ण निकायहरूको कार्य तथा कानुन कार्यान्वयनको पाटो विशेष रूपमा हेरिने भएकोले वित्त कम्पनीहरूले पनि आफ्नो क्षेत्रबाट विशेष योगदान पुऱ्याउनु पर्नेमा जोड दिनुभयो । साथै, उहाँले नेपाल राष्ट्र बैंकबाट जारी गरिएको निर्देशन नं. १९ का प्रावधानहरू पालना गर्न सकेमा वित्तीय क्षेत्रमा गैरकानुनी गतिविधिबाट हुन सक्ने चुनौती धेरै हदसम्म समाधान हुने धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेपाल वित्तीय संस्था संघका अध्यक्ष सरोजकाजी तुलाधरले सबै वित्त कम्पनीहरूले नेपाल राष्ट्र बैंकबाट जारी गरिएका निर्देशनहरूको पालनामा जोड दिनु पर्ने र कारोबारको सूक्ष्म निगरानी गरी शंकास्पद देखिएमा तोकिएको समयावधिभित्रै वित्तीय जानकारी एकाइलाई सूचना सम्प्रेषण गर्नु पर्नेमा जोड दिनुभयो ।

विभिन्न वित्त कम्पनीका प्रमुख कार्यकारी अधिकृत, प्रमुख सञ्चालन अधिकृत, प्रमुख कार्यान्वयन अधिकृत र प्रमुख सूचना प्रविधि अधिकृतहरूको सहभागिता रहेको उक्त कार्यक्रममा वित्तीय जानकारी एकाइका उपनिर्देशक रमेश आचार्यले AML/CFT Regime and FIU विषयमा, सूचना प्रविधि विभागका उपनिर्देशक कृष्णराम धुँजुले An Overview of goAML विषयमा र एकाइका सहायक निर्देशक प्रशान्तवल्लभ पन्तले Business Part of goAML विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

वित्तीय जानकारी एकाइका उपनिर्देशक देवेन्द्र गौतमले स्वागत मन्तव्य राख्नु भएको उक्त कार्यक्रमको सञ्चालन उपनिर्देशक चन्द्रमणि निरौलाले गर्नु भएको थियो ।

# विराटनगर कार्यालयमा शपथ ग्रहण कार्यक्रम

विराटनगर कार्यालयका निर्देशक विनोदराज आचार्यले काबेली विकास बैंक लिमिटेडको सञ्चालक समितिका नवनिर्वाचित अध्यक्ष गोपालप्रसाद काफ्लेलाई २०७५ साउन १४ गते कार्यालयको सभाहलमा पद तथा गोपनीयताको शपथ ग्रहण गराउनु भयो । उक्त कार्यक्रममा निर्देशक आचार्यको रोहवरमा अध्यक्ष काफ्लेले सञ्चालक समितिका नवनिर्वाचित सदस्यहरूलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनु भयो ।



सो अवसरमा निर्देशक आचार्यले वित्तीय संस्थाको सञ्चालक समितिका नवनिर्वाचित पदाधिकारीहरूलाई बधाई दिँदै सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्नुभयो । साथै, उहाँले संघीय व्यवस्थामा बैंक तथा वित्तीय संस्थाको भूमिका, केन्द्रीय बैंकको मर्जर नीति र कर्मचारी व्यवस्थापनका विविध पक्षबारे चर्चा गर्दै बैंक तथा वित्तीय संस्थाले संस्थागत सुशासनका साथै केन्द्रीय बैंकबाट जारी गरिएका नीति निर्देशनको पालना गर्नु पर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा नवनिर्वाचित अध्यक्ष काफ्लेले नेपाल राष्ट्र बैंकको सहयोग, सद्भाव र निर्देशन सदैव आवश्यक रहिरहने चर्चा गर्दै बैंकिङ तथा वित्तीय क्षेत्रका प्रचलित ऐन कानुनको पूर्णरूपमा पालना गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १२७ को उपदफा (२) मा भएको बैंक तथा वित्तीय संस्थामा नियुक्त भएका सञ्चालक समितिका अध्यक्षले नेपाल राष्ट्र बैंक समक्ष र अन्य पदाधिकारीहरूले अध्यक्ष समक्ष शपथ लिई आफ्नो पदको जिम्मेवारी सुरु गर्नु पर्ने व्यवस्था अनुसार उक्त शपथ ग्रहण कार्यक्रम सम्पन्न गरिएको हो ।

कार्यक्रममा कार्यालयका अधिकृतहरू तथा काबेली विकास बैंक लिमिटेडका सञ्चालक तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

# वैदेशिक तालिममा सहभागिता

विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक भीष्मराज ढुंगाना नेपाल वायु सेवा निगम (NAC) ले २०१८ जुलाई २५ मा फ्रान्समा आयोजना गरेको Airbus 330-200 Handover Program मा सहभागी हुनुभयो ।

भुक्तानी प्रणाली विभागका निर्देशक रेवतीप्रसाद नेपाल, उपनिर्देशक पदमराज रेग्मी तथा सहायक निर्देशक शिव रेग्मी र सूचना प्रविधि विभागका उपनिर्देशक तेजनारायण ठाकुर बैंक अफ कोरियाले २०१८ अगस्ट १३ देखि १७ सम्म कोरियाको सिउलमा आयोजना गरेको KPP Capacity Building Training Program मा सहभागी हुनुभयो ।

वित्तीय जानकारी एकाइका निर्देशक रामु पौडेल APG ले २०१८ अगस्ट १३ देखि १७ सम्म मलेसियामा आयोजना गरेको APG Assessor Training Workshop मा सहभागी हुनुभयो ।

मुद्रा व्यवस्थापन विभागका निर्देशक प्रल्हाद थापा र सहायक निर्देशक संगिता सिलवाल China Banknote ले २०१८ जुलाई २९ देखि ३१ सम्म China मा आयोजना गरेको Wastage Destruction Process of Rs 5 Banknotes विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

गभर्नरको कार्यालयका कायम मुकायम निर्देशक गोविन्दप्रसाद नागिला र लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका उपनिर्देशक रत्नेश्वरलाल कर्ण Access to Finance ले २०१८ जुलाई २२ देखि २६ सम्म Philippines र Myanmar मा आयोजना गरेको High level Meeting मा सहभागी हुनुभयो ।

सूचना प्रविधि विभागका उपनिर्देशक (सूचना प्रविधि) अनिल प्रधान, विदेशी विनिमय व्यवस्थापन विभागका सहायक निर्देशक शारदा भट्ट तथा सहायक हरिकृष्ण भट्टराई र सूचना प्रविधि विभागका सहायक (सूचना प्रविधि) निशान हिताङ भारतस्थित नेपाली राजदूतावासले २०१८ अगस्ट १ देखि ११ सम्म भारतमा आयोजना गरेको LC Reporting System Web-based Software विषयक तालिममा सहभागी हुनुभयो ।

पोखरा कार्यालयका उपनिर्देशक अमर अधिकारी, सहायक निर्देशकहरू विकास बैंक सुपरिवेक्षण विभागका टेकराज भण्डारी तथा नवराज तिवारी र लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका विनयराज अधिकारी SEACEN ले २०१८ अगस्ट ६ देखि १० सम्म इण्डोनेसियामा आयोजना गरेको Macro-prudential Supervision विषयक तालिममा सहभागी हुनुभयो ।

सहायक निर्देशकहरू बैंक सुपरिवेक्षण विभागका आशबहादुर थापा, इमबहादुर क्षेत्री र शिवनाथ योगी तथा विकास बैंक सुपरिवेक्षण विभागका राजेशकुमार उदाश SEACEN ले २०१८ जुलाई २२ देखि २७ सम्म कम्बोडियामा आयोजना गरेको Risk Based Supervision विषयक तालिममा सहभागी हुनुभयो ।

सहायक निर्देशकहरू अनुसन्धान विभागका मिनप्रसाद पोखरेल र सुन्दर खडका तथा बैंक तथा वित्तीय संस्था नियमन विभागका सुजन खनाल र मदन पण्डित SEACEN ले २०१८ जुलाई २२ देखि २७ सम्म ताइवानमा आयोजना गरेको Macroeconomic and Monetary Policy विषयक तालिममा सहभागी हुनुभयो ।

# कायम मुकायम मुकर्रर

उपनिर्देशकद्वय लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका डिलाराम सुवेदी सामान्य सेवा विभागको र जनशक्ति व्यवस्थापन विभागका वीरेन्द्रदत्त अवस्थी बैंक तथा वित्तीय संस्था नियमन विभागको निर्देशक पदमा कायम मुकायम मुकर्रर हुनुभएको जनशक्ति व्यवस्थापन विभागले जनाएको छ ।

# करार सेवामा नियुक्ति सिफारिस

बैंकमा रिक्त रहेको डिस्पेन्सरी पद संख्या १, सिक्का मुद्रण मेकानिक्स पद संख्या ४ र चालक पद संख्या ६ करार सेवामा नियुक्ति गर्ने सन्दर्भमा विभिन्न मितिमा प्रकाशित सूचना अनुसार अन्तरवार्ता परीक्षामा उपस्थित भएका उम्मेदवारहरूमध्ये सबैभन्दा बढी अंक प्राप्त गर्ने देहायका उम्मेदवारहरूलाई ती पदका लागि छनौट गर्ने निर्णय भएको जनशक्ति व्यवस्थापन विभागले जनाएको छ ।

यस अनुरूप धादिङ, सल्यानटार १ का शिवप्रसाद पन्तलाई डिस्पेन्सरी पदमा, काठमाडौं, का.म.न.पा. ३० का तीर्थनारायण महर्जन, काठमाडौं, तारकेश्वर ३ का गणेश विश्वकर्मा, काठमाडौं, का.म.न.पा. २६ का कान्छा महर्जन र प्यूठान, खैरा १ का अमरबहादुर जि.सी.लाई सिक्का मुद्रण मेकानिक्स पदमा तथा रामेछाप, मन्थली ३ का बालकृष्ण श्रेष्ठ, ललितपुर, महालक्ष्मी ८ का बाबुकाजी महर्जन, गोरखा, छोप्राक ९ का भक्तबहादुर कुमाल, ललितपुर, लामाटार ९ का कलु तामाङ, ललितपुर, गोदावरी १२ का रत्नलाल महर्जन र सर्लाही, लालबन्दी ८ का मेषबहादुर पाखिनलाई चालक पदमा नियुक्तिका लागि सिफारिस गरिएको छ ।

# अनिवार्य अवकाश

भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक डा. शंकरप्रसाद आचार्यले नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली, २०६८ (तेस्रो संशोधन २०७३ समेत) मा भएको प्रावधान बमोजिम ५८ वर्ष उमेर हदको कारण बैंक सेवाबाट अनिवार्य अवकाश प्राप्त गर्नु भएको छ ।

विदेशी विनिमय व्यवस्थापन विभागका निर्देशक प्रकाशचन्द्र भट्टराई तथा उपनिर्देशकहरू सामान्य सेवा विभागका अशोककुमार रिमाल, जनशक्ति व्यवस्थापन विभागका भीमप्रसाद गौतम, वित्त कम्पनी सुपरिवेक्षण विभागका बसन्तप्रसाद दवाडी, बैंकिङ कार्यालयका ज्ञानेन्द्रबहादुर देउजा, विदेशी विनिमय व्यवस्थापन विभागका रमेश शर्मा र लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका छविलाल शर्मा पौडेल ३० वर्षे सेवा अवधिका कारण बैंक सेवाबाट अनिवार्य अवकाश हुनुभएको छ ।

राष्ट्र ऋण व्यवस्थापन विभागका कार्यालय सहयोगी चिरीबाबु महर्जनले ५८ वर्ष उमेर हदको कारण बैंक सेवाबाट अनिवार्य अवकाश पाउनु भएको छ ।

# राजिनामा

संस्थागत योजना विभागका सहायक राकेशकुमार श्रेष्ठले २०७५ साउन १० गते देखि लागु हुने गरी दिनु भएको राजिनामा स्वीकृत गरिएको जनशक्ति व्यवस्थापन विभागले जनाएको छ ।

# निधन

मुद्रा व्यवस्थापन विभाग, टक्सार महाशाखाका उपनिर्देशक रविन्द्र स्थापितको २०७५ असार ११ मा निधन भएको जनशक्ति व्यवस्थापन विभागले जनाएको छ । नेपाल राष्ट्र बैंक समाचार शोक सन्तप्त परिवार प्रति समवेदना प्रकट गर्दछ ।

# गाउँगाउँमा बैंकिङ पहुँच र आर्थिक क्रियाकलाप बढाउन आवश्यक

**– गभर्नर डा. नेपाल**

गभर्नर डा. चिरंजीबि नेपालले देशका गाउँगाउँमा बैंकिङ पहुँच पुऱ्याउन र आर्थिक क्रियाकलाप बढाउन बैंक तथा वित्तीय संस्थाहरूको महत्वपूर्ण भूमिका रहने बताउनु भएको छ।



२०७५ साउन १९ गते कपिलवस्तु जिल्लाको बुद्धभूमि नगरपालिका वडा नं. २, गोरुसिंगेमा आयोजित एक समारोहमा नवस्थापित सत्यवती लघु वित्त वित्तीय संस्था लिमिटेडको समुद्घाटन गर्दै गभर्नर डा. नेपालले देशमा बैंक तथा वित्तीय संस्थाहरू र तिनीहरूको शाखा स्थापना हुने क्रम बढे तापनि कुल जनसंख्याको करिब ६० प्रतिशत जनता बैंकिङ पहुँच बाहिर रहेकोले ग्रामीण क्षेत्रमा बैंक शाखा विस्तार गर्न प्रेरित गर्ने नीति केन्द्रीय बैंकले लिएको बताउनु भयो।

ग्रामीण क्षेत्रमा वित्तीय सेवा उपलब्ध गराउने संस्थाको उपस्थितिले वित्तीय साधनको प्रभावकारी परिचालन हुन गई ग्रामीण क्षेत्रमा समेत उत्पादन र रोजगारीका अवसरहरूमा वृद्धि हुने भएकोले आयात प्रतिस्थापन गर्नमा सघाउ पुग्न जाने धारणा व्यक्त गर्दै उहाँले वित्तीय सेवाहरू ग्रामीण क्षेत्रसम्म पुगेको अवस्थामा यस्ता सेवाहरू लिन सर्वसाधारण पनि अग्रसर हुनु पर्ने बताउनु भयो।

आय आर्जनका लागि वैदेशिक रोजगारीमा जानुभन्दा स्वदेशमा रहेको बाँझो जमिन उर्वर बनाई उत्पादन बढाउनु जरुरी रहेको बताउँदै उहाँले बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिएर कृषि, पशुपालन, तरकारी खेती र स-साना घरेलु व्यवसाय लगायतका उत्पादनमूलक कार्यमा लाग्नु पर्नेमा जोड दिनुभयो।

बैंक तथा वित्तीय संस्थाको उपस्थितिले प्राप्त हुने अवसरहरूको सदुपयोग गरी आर्थिक समृद्धितर्फ अगाडि बढ्न सकिने चर्चा गर्दै उहाँले कृषि उद्यम गर्न चाहनेहरूलाई सरकारले दिने ५ प्रतिशत ब्याजदरको सहुलियत ऋणको उपयोग गर्न आग्रह गर्नुभयो। साथै, उहाँले ग्रामीण क्षेत्रसम्म वित्तीय पहुँच पुऱ्याई आर्थिक क्रियाकलाप बढाउँदै उनीहरूको समग्र जीवनस्तरमा सुधार ल्याउन लघु वित्त वित्तीय संस्थाहरूको महत्वपूर्ण भूमिका रहने बताउनु भयो।

सत्यवती लघु वित्त वित्तीय संस्था लिमिटेडका अध्यक्ष कमलप्रसाद ज्ञवालीको सभापतित्वमा सम्पन्न उक्त समारोहमा सिद्धार्थनगर कार्यालयका निर्देशक अशोक पौडेल, बुद्धभूमि नगरपालिकाका प्रमुख केशवराज श्रेष्ठ, शिवराज नगरपालिकाका प्रमुख नेत्रराज अधिकारी र संस्थाका प्रमुख कार्यकारी अधिकृत बाबुलाल नेपालले मन्तव्य व्यक्त गर्नुभएको थियो।

समारोहमा सत्यवती लघु वित्त वित्तीय संस्था लिमिटेडको अधिकृत पुँजी ४ करोड, जारी पुँजी २ करोड २६ लाख र चुक्ता पुँजी १ करोड ५८ लाख २० हजार रहेको, संस्थाको कार्य क्षेत्र प्रदेश नं. ५ र ६ का १० जिल्लाहरू- कपिलवस्तु, रूपन्देही, नवलपरासी, पाल्पा, गुल्मी, अर्घाखाँची, रोल्पा, प्यूठान, सल्यान र जाजरकोट रहेको जानकारी दिइएको थियो। साथै, संस्थाले तीन जिल्लाका स्थानीय तहमा ५ वटा शाखा सञ्चालनमा ल्याएको जानकारी पनि दिइएको थियो।



**प्रकाशक**
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: १४०/३६२
ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

**सम्पादक**
सुरेश पन्त

**सम्पादन सहयोगी**
रामकाजी खाइजू
समिता श्रेष्ठ
नवीना ताम्राकार

*मुद्रण :* अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौं, *फोन नं.* ०१-५७०६११६, ५७०५९१८